मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

# प्रेस विज्ञप्ति

प्यालेस्टाइनी लडाकु समुह हमासले शनिबार बिहानबाट इजरायलमा सुरु गरेको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीहरुको मृत्यु भएको खबरले सम्पूर्ण नेपालीहरुलाई स्तब्ध बनाएको छ। उक्त घटनामा परी राजेशकुमार स्वर्णकार (सुनसरी), नारायण न्यौपाने (कैलाली), गणेशकुमार नेपाली (बझाङ), आशिष चौधरी (कैलाली) दिपेशराज विष्ट (दार्चुला), आनन्द साह (धनुषा), राजन फुलारा (डोटी), पदम थापा ( डोटी), प्रवेश भण्डारी (सल्यान) र लोकेन्द्रसिंह धामी (दार्चुला)को मृत्यु भएको पुष्टि भइसकेको छ । अप्रत्यासित रुपमा भएको यो दुःखद घटनाप्रति कोशी प्रदेश सरकार गहिरो दुःख व्यक्त गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा हार्दिक समवेदना एवं मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ ।

सोही घटनामा परी विद्यान आचार्य (सल्यान), प्रवीण डाँगी (दाङ) र हिमाञ्चल कट्टेल (गोरखा) घाइते भएको तथा केही व्यक्तिहरु बंकरमा सुरक्षित रहेका समाचारहरु सामाजिक सञ्जाल र विभिन्न सञ्चार माध्यमहरु मार्फत सार्वजनिक भएका छन् ।

त्यसैले उक्त घटनामा परी मृत्यु भएका मृतकका शव पहिचान गरी यथाशक्य चाँडो नेपाल ल्याउन, घाइतेहरुको उद्दार तथा उपचारको प्रवन्ध मिलाउन, वेपत्ताहरुको खोजी गर्न, युद्धको चपेटामा परेका नेपालीहरुको आवश्यक तथ्याङ्क सङ्कलन गरी अविलम्ब स्वदेश फर्काउन आवश्यक कुटनीतिक पहल गर्न र मृतकका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन नेपाल सरकार समक्ष कोशी प्रदेश सरकार हार्दिक अनुरोध गर्दछ ।

मितिः २०८० असोज २२ गते सोमबार

हिक्मतकुमार कार्की

मुख्यमन्त्री